# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ११ | बुटवल | २०८१ पौष २१, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Jan 05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# वाह ! भलिबल क्रेज





बुटवल रामनगरमा जारी भलिबल प्रतियोगिता हेर्न प्याराफिटमा खचाखच दर्शकको उत्साहजनक क्रेज। मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ शिल्ड पुरुष भलिबल च्याम्पियनसिप प्रतियोगिता हेर्न तीन सय रुपैयाँ दरको टिकट काटेरै भलिबल खेलका पारखीहरू मैदानमा पुग्ने गरेका छन्। तीन हजार क्षमताको प्याराफिट दर्शकले भरिभराउ हुने गरेको छ। काठमाडौं बाहिर सर्वाधिक ७ लाख रुपैयाँ प्रथम पुरस्कारसहितको प्रतियोगिता पुस २४ गतेसम्म चल्ने छ। तस्विर : दैनिक लुम्बिनी

# ६ हजार सहकारी बचतकर्ताको रकम फिर्ता भयो : सरकार

**लुम्बिनी संवाददाता**

*बुटवल*

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले करिब ६ हजार बचतकर्ताको बचत रकम फिर्ता भइसकेको दाबी गरेका छन्।

शनिबार काठमाडौंमा आयोजित भूवो पर्व विशेष कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा करिब ६९ हजार बचतकर्ताको रकम अपचलनमा सरकार लागिरहेको जिकिर गरे।

'सहकारी संरक्षण कोषको स्थापनाका लागि हामी लागेका छौं। ६९ हजार बचतकर्ताको बचत फिर्ता गर्नको लागि हामी लागेका छौं,' उनले भने-'६ हजार बचतकर्ताको बचत अहिलेसम्म सम्पूर्णरुपमा फिर्ता गरिसकेका छौं। ८ हजार बचतकर्ताको करिब ७० प्रतिशत फिर्ता गरेका छौं। बाँकी २ हजारको छानविनको क्रममा छ।'

साथै, उनले सहकारी प्रकरणमा गल्ती गरिसकेपछि सडक आन्दोलनबाट मुक्ति पाइन्छ भन्ने नठान्न पनि आग्रह गरे।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेप्रति लक्षित गर्दै उनले न्यायिक छानविन र अनुसन्धानलाई सघाउन आग्रह गरे। सरकार समाजमा भएका विकृति, विसंगति, अन्याय, अत्याचार, असमानता वा भ्रष्टाचारलाई निर्मूल गर्न लागिपरेको बताए।



'छानविनको क्रममा गल्ती गरेको छैन भने न्यायिक छानविनमा कोही नतर्सिनुस्, न्यायिक छानविन र अनुसन्धानलाई सघाउनुपऱ्यो। अब गल्ती गरेको छ भने पनि सडकको आन्दोलनले म मुक्त हुन्छु भन्नेकुरा कसैले नसोचे पनि हुन्छ।'- गुरुङले भने।

## रविलाई अप्ठ्यारो पार्न अध्यादेश : रास्वपा

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सरकारले ल्याएको सहकारीसम्बन्धी अध्यादेश आफ्नो पार्टीका सभापति रवि लामिछानेलाई अप्ठ्यारो पार्ने गरी ल्याइएको बताएको छ।

शनिबारबाट सुरु भएको पार्टीको केन्द्रीय समिति बैठकले सहकारीसम्बन्धी अध्यादेश र संविधान संशोधनबारे कसरी धारणा राख्ने भन्नेबारे पनि छलफल भएको छ।

'सहकारीको समस्या समाधान गरेर पीडितलाई न्याय दिने र सहकारी ठगलाई कठघरामा उभ्याउने गरी काम गर्नुपर्ने बेलामा अध्यादेशमार्फत् सरकारले आफू र आफू नजिककालाई बचाउने र सहकारीलाई अझ धराशायी बनाउने प्रक्रियामा भूमिका खेलेको छ,' बैठकपछि सांसद गणेश पराजुलीले भने-'रास्वपा



सभापतिलाई अफ्ठ्यारो पार्नेगरी मात्रै दफा छिराइएको छ। संविधान संशोधनका बारेमा पनि कसरी प्रस्तुत हुने भन्नेबारेमा छलफल हुनेछ।

'साथै, उनले संगठनको भावी रणनीति, संगठनलाई सवलीकरणका बारेमा पनि छलफल भइरहेको बताए।

» बाँकी ३ पेजमा

## 'देशको नेतृत्व गर्न चाहेको छु'



बुटवल। नेकपाका महासचिव नेत्रविक्रम चन्दले क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुलाई ध्रुवीकृत गर्दै यो देशको नेतृत्व गर्न चाहेको बताएका छन्। कांग्रेस, एमाले र माओवादी केन्द्रले पटक-पटक सरकारको नेतृत्व गर्दा पनि जनअपेक्षा पूरा गर्न नसकेको भन्दै उनले अब नेकपाले देशको नेतृत्व गर्न चाहेको बताए।काठमाडौंको कमलादीस्थित प्रज्ञा भवनको डबलीमा शनिबार आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै विप्लवले भने-'हामी नेकपाले पनि ध्रुवीकरण गर्दै देशको नेतृत्व गर्न चाहन्छौं। एकचोटी यो देशको नेतृत्व र सेवा नेकपाले गर्न चाहन्छ...।'

कार्यक्रममा मोहन वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टीका नेता जितेन्द्र दाहाललाई विप्लवले आफ्नो पार्टीमा स्वागत गरेका थिए। त्यसलाई उनले क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुको ध्रुवीकरणको सुरुवातको संज्ञा दिए। हालै कपिलवस्तुको शिवगढीमा सम्पन्न पार्टीको केन्द्रीय समिति बैठकले क्रान्तिकारी कम्युनिष्ट पार्टीसँग ध्रुवीकरण गर्ने निर्णय गरेको जानकारी गराउँदै उनले शनिबारको कार्यक्रम त्यसकै सुरुवात भएको बताए।'हाम्रो केन्द्रीय समितिको बैठकबाट ध्रुवीकरणको जो निर्णय थियो, त्यो निर्णयको पहिलो कदमको रुपमा यो प्रज्ञाभवनको डबलीमा सुरु भएको छ,' यस्ता ध्रुवीकरण फेरि पनि हुने संकेत गर्दै उनले थपे-'यो सुरुवात मात्र हो।'

» बाँकी ३ पेजमा

## शेखर कोइराला बेलायतको संसदमा बोल्ने



बुटवल। नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले बेलायतको संसद्मा सम्बोधन गर्ने भएका छन्।

डा. कोइरालाको सचिवालयका अनुसार उनले यही जनवरी (१३ पुस २९ गते) बेलायती संसद् भवनभित्र आयोजना गरिने एक विशेष कार्यक्रममा सम्बोधन गर्ने भएका हुन्।

बेलायतको एसिया मामला हेर्ने विदेश राज्यमन्त्री क्याथराइन वेस्ट र उद्योग व्यापार वाणिज्यमन्त्री ग्यारेथ थोमसको निमन्त्रणामा नेता कोइरालाले बेलायतको संसदमा सम्बोधन गर्न लागेका हुन्।

अब शेखर कोइराला बेलायतको संसदलाई सम्बोधन गर्ने पहिलो नेपाली नेता बन्ने उनको सचिवालयको दाबी छ।

## संघ र प्रदेशमा मन्त्रालय घटाउनुपर्छ : गगन



पोखरा। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सरकारको आकार ठूलो भएको बताएका छन्। शनिबार पोखरामा आयोजित कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि र पार्टीका सभापतिहरुको प्रशिक्षण कार्यक्रममा उनले संविधान संशोधन गरेर संघ र प्रदेशमा मन्त्रालयको संख्या घटाउनुपर्ने र चुस्त मन्त्रालय चलाउनुपर्ने बताएका हुन्।

'प्रदेशमा ४-५ कतिजना मन्त्री बनाउने हो संविधानमा बाँध्नुपर्छ। संविधानमा २५ जना मन्त्री नलेखेको भए केन्द्रमा ५० जना मन्त्री बनाउनुपर्थ्यो,' उनले भने- 'पार्टी र गुट मिलाउँदा मिलाउँदा समस्या हुन्छ। गुट मिलेन भने मन्त्रालय तोड्दे भन्छ। त्यसैले संविधानबाटै मन्त्रालयको संख्या घटाएर व्यवस्थित गर्नुपर्छ।'

केन्द्रमा पनि ७-८ मन्त्रालय मात्रै भए पुग्ने उनको तर्क छ। 'केन्द्रमा यतिधेरै मन्त्रालय चाहिँदैन। ७-८ वटा मन्त्रालय राखे हुन्छ। प्रदेशमा यत्रो ठूलो चाहिँदैन। यसको संख्या घटाउनुपर्छ,' उनले भने-'सानो तर प्रभावकारी मन्त्रालय बनाउन संविधानमा काम गर्छौं। अहिले कांग्रेसमा छलफल गरेका छौं। एमालेसँग मिलेर सानो संयन्त्र बनाएका छौं। त्यहाँ छलफल गर्छौं। अनि माओवादी र संसदमा भएका सबै दलहरुसँग छलफल गर्छौं।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# उत्पादनमा आधारित अनुदान कटौती नगर

लुम्बिनी प्रदेश सरकारले किसानलाई प्रोत्साहित गर्न दिएको उत्पादनमा आधारित अनुदान कटौती गरेपछि दुग्ध किसान मारमा परेका छन् । दूध उत्पादनमा बढ्दो लागत र सरकारले दिएको अनुदान कटौतीले किसान पशुपालन व्यवसायबाट पलायन हुने जोखिम बढेको छ । दूध किसानलाई दिएको अनुदान कटौती सरकारको अविवेकी र गैरजिम्मेवार निर्णय हो ।

अहिले कृषिमा युवालाई टिकाउनै हम्मेहम्मे छ । बढ्दो उत्पादन लागत र घट्दो प्रतिफलले किसान क्रमशः पलायन भई वैदेशिक रोजगारीमा गइरहेका छन् । कुखुरापालनमा लागेका किसान अहिले धेरै पलायन भए । अहिले रूपन्देहीमा साना कुखुरा पालन किसानको संख्या नगण्य छ । भारतबाट खुलेयाम सस्तो कुखुराको मासु र कुखुरा आयात भएपछि यहाँका किसान टिक्नै सकेनन् । किसानलाई यही टिकाउने योजनामा सरकार चुक्दा अहिले रूपन्देहीमा कुखुरा उत्पादक घटेको छ । दुग्ध उत्पादनमा लागेका किसानको अवस्था पनि उस्तै छ । उत्पादन लागत घटाउने योजना प्रचारमुखी बढी छ, नतिजामुखी बनाउन पटक्कै ध्यान छैन । दाना खुवाएर पशुपालन महँगो पर्छ, आयात गरेको दाना खुवाएर पशुपालनमा टिक्न किसानलाई सकस छ, किन कि दानाको मूल्यवृद्धि दिनप्रतिदिन बढिरहेको छ ।

प्रदेश सरकारको उत्पादनमा आधारित अनुदान प्रतिफलमुखी थियो । यसले किसानलाई प्रोत्साहित गरेको थियो । पहिले बाँडेको अनुदान पारदर्शी नभएपछि उत्पादनका आधारमा अनुदान दिने नीति लिइएको थियो । यस्तो व्यवस्थाले व्यवसायिक पशुपालन किसानलाई प्रोत्साहन भएको थियो । किसानलाई फाइदा पुगेको यो अनुदान बन्द हुँदा बढ्दो उत्पादन लागतले किसानलाई टिक्न सकस हुनुले दुग्ध उत्पादन व्यवसाय जोखिममा परेको छ ।

उत्पादनमा आधारित अनुदान उत्पादनलाई बढाउने उत्तम विधि हो । उत्पादन गर्नका लागि दिने अनुदान वितरण प्रक्रिया जटिल छ, जुन विवादित पनि हुँदै आएको छ । उत्पादनका लागि प्रोत्साहन गर्न दिने अनुदान कटौती नगर्ने तर उत्पादनमा आधारित अनुदान कटौती गर्ने निर्णय किसान मारा कदम हो । अहिले कृषिमा युवालाई टिकाउनका लागि  र व्यवसायिक बनाउन उत्पादनमा आधारित अनुदान नै उत्तम विधि हो । सरकारले उत्पादनमा आधारित अनुदानलाई कटौती नगरी बढाउनुपर्छ ।

# स्थानीय तहमा वित्तीय जोखिम



हृदयेश पन्थी

*वित्तीय सुशासन कायम राख्न विविध उपाय अपनाए पनि लाभग्राही समुदायबाट योजना कार्यान्वयन गर्न भनी गठित उपभोक्ता समितिबाट जटिल किसिमका संरचना निर्माणका काम गराइएको छ । त्यस्ता समितिलाई निर्माण कार्यसम्बन्धी ज्ञान नभएकाले गुणस्तरीय काम गराउन सकिँदैन । विविध कारणवश काम रोकिने अवस्था आएमा समेत उपयुक्त कानुनको अभावले कारबाही प्रक्रियामा जानसमेत सकिँदैन । विनियोजित रकम न्यून हुने समस्या एकातिर छ भने ठेक्का प्रक्रियामा निर्माण कम्पनीले समयमै काम नसक्दा काम पनि पूरा नहुने र रकम फिर्ता गर्नुपर्ने अवस्था विद्यमान छ । विभिन्न खरिद तथा निर्माण कार्यमा नीतिगत अस्पष्टता जस्ता समस्या देखा परेका छन् भने स्थानीय तहका कर्मचारीलाई समय अनुकूल नीतिगत तथा व्यावहारिक ज्ञान, तालिम, सीप विकासको अभाव देखिएको पाइन्छ । स्थानीय तहमा कानुन निर्माण गर्न चुनिएका पदाधिकारीमा दक्षताको अभाव छ ।*




'वित्तीय सुशासन जोखिम' भन्नाले भ्रष्टाचार, प्रक्रियाको पालना नहुने र कमजोर व्यवस्थापनका कारण सार्वजनिक वित्तीय साधन तोकिएको वर्ग, लक्ष्य र प्रयोजनमा खर्च नहुने तथा यसबाट अपेक्षित नतिजा निस्कन नसक्ने सम्भावनालाई बुझिन्छ । नेपालमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन किसिमको सरकार छन् । सबैभन्दा तल्लो तहमा रहेको र जनताको प्रत्यक्ष सरोकार रहेको सरकार स्थानीय सरकार अर्थात् गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाका रूपमा रहेका छन् । यी स्थानीय तहले संयन्त्र, प्रक्रिया, पद्धति र सेवा प्रवाह गर्ने शैलीमा वित्तीय अनुशासन कायम गर्नु पहिलो सर्त हुन जान्छ । वित्तीय अनुशासनको जोखिमले सार्वजनिक पद, शक्ति र स्रोतसाधनलाई निजी फाइदाका लागि दुरुपयोग हुन सक्ने सम्भावनाको जोखिमलाई जनाउँछ ।

वित्तीय सुशासनमा राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न स्थानीय तहले आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्वसम्बन्धी कानुनको खाँचो देखिएको छ । वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने गरी आर्थिक कारोबार सञ्चालन गर्न आवश्यक कानुन बनाई लागू गर्नु पर्छ । वित्तीय जोखिममा बेरुजु मात्र नभएर भ्रष्टाचार पनि सँगै जोडिएर आउँछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन २०८०/०८१ अनुसार आयोग र आयोगका कार्यालयमा दर्ता भएका उजुरीमध्ये बढी उजुरी (५२.८० प्रतिशत) स्थानीय तहविरुद्ध परेको देखिन्छ ।

वित्तीय सुशासन मापनको औजार बेरुजु भएकाले यसलाई न्यूनीकरण गरी असल शासन कायम गर्नु पर्छ । तथ्याङ्कका रूपमा आव २०७९/०८० को महलेखा परीक्षकको ६१औँ वार्षिक प्रतिवेदनअनुसार हाल सङ्घ, प्रदेश र स्थानीय तहसमेतको लेखा परीक्षणबाट ९५ अर्ब ६० करोड बेरुजु कायम भएको छ । सोमध्ये तीन हजार २७७ सङ्घीय सरकारी निकायको २४ खर्ब ६१ अर्ब ११ करोड लेखा परीक्षणबाट ४६ अर्ब ५३ करोड अर्थात् १.८९ प्रतिशत बेरुजु देखिएको छ । प्रदेशतर्फ एक हजार २७० कार्यालयको तीन खर्ब २३ अर्ब ३४ करोडको लेखा परीक्षणबाट छ अर्ब ५७ करोड अर्थात् २.०३ प्रतिशत र स्थानीय तहतर्फ यस वर्षको ७४६ र बक्यौता २ समेत ७४८ को ११ खर्ब ३९ अर्ब १९ करोडको लेखा परीक्षणबाट ३१ अर्ब दुई करोड अर्थात् २.७२ प्रतिशत बेरुजु देखिएको छ ।

**पालिकामा हुन सक्ने वित्तीय जोखिम**

कार्यालय सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित बजेट विनियोजन गर्दा एकमुष्ट कार्यक्रमका रूपमा राखेर आफूखुसी बजेट खर्च लेख्ने तथा पदाधिकारीलाई प्रदेशबाट जारी भएको मासिक सुविधाबाहेक यातायात खर्च, मोबाइल, ल्यापटप, सवारीसाधन, अतिथि सत्कारलगायतका सुविधा उपलब्ध गराउने र ती पदाधिकारी सुविधासम्बन्धी ऐन विपरीत स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने गरेको पाइन्छ ।

स्थानीय तहका पदाधिकारी तथा कर्मचारीले कार्यालयबाट भरपाई गरी लिएको जिन्सी सामग्री मोबाइल, ल्यापटपलगायतका मालसामान लागि सरुवा हुँदा र पदमा नरहँदा समेत फिर्ता नगर्ने गरेको पाइएको छ । कतिपय स्थानीय तहले स्पष्ट कानुनी आधार एवं मापदण्ड बेगर आन्तरिक आयसमेतको ख्याल नगरी कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी गर्ने, स्थानीय तहले दरबन्दी नभएको तथा दरबन्दीभन्दा बढी कर्मचारी नियुक्त गर्ने, सरुवा सहमति दिने गरेका उदाहरण पनि टन्नै देखिन्छ । कुनै स्थानीय तहमा कार्यालयका कर्मचारी मात्रै बैठक बसेको वा भत्ता नपाउने समितिको समेत बैठक भत्ता खर्च लेख्ने तथा कार्यालयको कामबाहेक हाजिर नगरी, घरमै बसी काजबापतको रकम भुक्तानी लिनेसमेत गरेका छन् ।

खरिद तथा निर्माण व्यवस्थापनसँग सम्बन्धित सेवा र परामर्शअन्तर्गत कार्यलयकै कर्मचारी प्रयोग गरी गर्न सकिने काम पनि तेस्रो पक्षबाट गराउन खोज्ने जसमा विनियोजित बजेट बराबर नै खर्च गर्ने गरी तेस्रो पक्षबाट सेवा लिने, वार्षिक मर्मत खर्चलाई ख्याल नै नगरी तेस्रो पक्षलाई काम लगाउने गरेको पाइन्छ । धरै जसो स्थानीय तहमा काम हुने यकिन नभएको ठाउँमा समेत विस्तृत अध्ययन प्रतिवेदन ताथ वातावरणीय अध्ययन प्रतिवेदनका अभिलेख नराख्ने गरेको पाइन्छ । विद्युतीय प्रणाली खरिद गर्दा सूचना प्रविधि मन्त्रालयबाट स्वीकृति नलिएका प्रणाली खरिद गर्ने तथा खरिद गरिएका प्रणालीसमेत प्रयोगमा नल्याउने गरेको पाइएको छ ।

पालिकाले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य, औषधी खरिद, परामर्श एवं वस्तु तथा सेवा सोझै खरिद गर्ने, कार्यालयको आन्तरिक स्रोतको मूल्याङ्कन नगरी जथाभाबी सवारीसाधन खरिद गर्ने तथा ती साधनको इन्धन र मर्मतमा खर्च गर्ने र सो खर्चसँग भिडान हुने किसिमका कागजातसमेत संलग्न नभएको पाइन्छ । उपभोक्ता समितिमार्फत् जटिल किसिमका संरचना निर्माणको कार्य गर्ने, उपभोक्ता समितिलाई भुक्तानी दिँदा मूल्य अभिवृद्धिकर तथा जनसहभागिताको अंश कट्टा नगरी भुक्तानी दिने गरेका उदाहरण पनि धेरै छन् ।

वित्तीय सुशासन कायम राख्न विविध उपाय अपनाए पनि लाभग्राही समुदायबाट योजना कार्यान्वयन गर्न भनी गठित उपभोक्ता समितिबाट जटिल किसिमका संरचना निर्माणका काम गराइएको छ । त्यस्ता समितिलाई निर्माण कार्यसम्बन्धी ज्ञान नभएकाले गुणस्तरीय काम गराउन सकिँदैन । विविध कारणवश काम रोकिने अवस्था आएमा समेत उपयुक्त कानुनको अभावले कारबाही प्रक्रियामा जानसमेत सकिँदैन । विनियोजित रकम न्यून हुने समस्या एकातिर छ भने ठेक्का प्रक्रियामा निर्माण कम्पनीले समयमै काम नसक्दा काम पनि पूरा नहुने र रकम फिर्ता गर्नुपर्ने अवस्था विद्यमान छ । विभिन्न खरिद तथा निर्माण कार्यमा नीतिगत अस्पष्टता जस्ता समस्या देखा परेका छन् भने स्थानीय तहका कर्मचारीलाई समय अनुकूल नीतिगत तथा व्यावहारिक ज्ञान, तालिम, सीप विकासको अभाव देखिएको पाइन्छ । स्थानीय तहमा कानुन निर्माण गर्न चुनिएका पदाधिकारीमा दक्षताको अभाव छ । प्रत्येक स्थानीय तहमा कानुन अधिकृतको व्यवस्था नहुँदा बनाइएका कानुन पनि कतिपय सङ्घ तथा प्रदेश कानुनसँग बाझिएका कारण कार्यान्वयनमा जान सकेको देखिँदैन ।

**यसले पार्ने समस्या**

बजेट विनियोजनमै विनियोजन कुशलता अपनाउन नसक्ने र खर्च गर्दा वित्तीय जोखिम हुने गरी खर्च लेखिएमा कार्यालयमा नियमितता, पारदर्शिता, सुशासन हराएर जाने मात्र नभई स्वेच्छाचारिता, भष्टाचार, अनियमितता, आर्थिक बेथिति र बेरुजु बढ्दै जान्छ । नागरिक र कर्मचारी तथा पदाधिकारीबिचको खाडल बढ्दै जान्छ । जसले गर्दा कार्यालय सञ्चालन तथा व्यवस्थापनमा लागत बढ्दै जाने, अनियमित तबरले खर्च हुने गरी समस्या देखा पर्छन् भने निर्माणका काममा समेत गुणस्तर हुन नसक्दा तुरुन्तै मर्मत गर्नुपर्ने वा फेरि नयाँ पद्धतिबाट निर्माण गर्नुपर्दा एउटै योजनामा बढी लागत पर्न जान्छ । एकै ठाउँमा पटक पटक रकम विनियोजन गर्दा सन्तुलित विकास नहुने अवस्था आउँछ ।

सेवा परामर्शबाट विभिन्न सफ्टवेयर, विद्युतीय नागरिक बडापत्रलगायतका काममा खर्च गर्दा सम्झौतामा उल्लेख भएबमोजिम वार्षिक मर्मतसम्भार खर्च उपलब्ध गराउँदा कार्यालयको वित्तीय स्रोत यत्तिकै खर्च भइरहेको छ । दीर्घकालीन महत्व राख्ने ठूला योजनामा खर्च गर्न रकमको अभाव हुने छ । कार्य सुरु नै नहुने सुनिश्चित नभएका ठाउँमा विभिन्न अध्ययन प्रतिवेदन तथा वातावरणीय अध्ययनमा खर्च भएमा त्यो लगानीसमेत जोखिममा पर्ने छ । अल्पकालीन सीमित व्यक्तिको लाभका लागि तत्काल अनुपयुक्त स्थान/क्षेत्रमा लगानी गर्दा त्यसले भविष्यमा वित्तीय जोखिम निम्त्याउन सक्छ ।

अन्त्यमा प्रत्येक स्थानीय तहले कार्यालयमा वित्तीय सुशासन कायम राख्न आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पार्दै आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षणको क्रममा प्राप्त सुझावलाई मनन गर्दै कैफियतलाई समेत सुधार गर्दै जानु पर्छ । अर्कोतर्फ नेपाल सरकारबाटै आधिकारिक विद्युतीय प्रणालीको विकास गरी सबै स्थानीय तहमा लागू गराउन सकेमा सफ्टवेयर खरिद र वार्षिक मर्मत शुल्कबापतको रकम अन्य प्रभावकारी कार्यमा खर्च गर्न सकिने थियो । सबै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको कार्यसम्पादनमा बेरुजु र आन्तरिक राजस्व जस्ता विषयलाई समावेश गर्न सकिएमा वित्तीय सुशासन प्रमुख प्राथमिकतामा पर्ने थियो । खास गरी बजेट विनियोजन गर्दा नै विनियोजन कुशलता, उत्पादक र धैरै मानिस लाभान्वित हुने खालका कार्यक्रममा खर्चमा मितव्ययिता कायम गरी चुस्त र दुरुस्त प्रतिवेदन प्रणालीबाट मात्रै वित्तीय सुशासन कायम राख्दै समृद्ध पालिका निर्माण सकिन्छ । गोपबाट

# एमपक्स के हो ? यस्ता छन् रोकथाम र नियन्त्रणका उपाय




एमपक्स रोग भाइरसबाट सर्ने एक किसिमको सरुवा रोग हो । यो रोग संक्रमित व्यक्ति वा पशुसँग नजिकको सम्पर्कमा आउँदा तिनीहरुको थुक, न्याल, घाउ खटिरा, शरीरबाट निस्कने तरल पदार्थ, दूषित भुईं सतह र सामग्रीहरुको संसर्गबाट सर्छ ।

विश्वका धेरैजसो मुलुकहरुमा यो रोग देखा परेकाले आम नागरिकमा सचेतना ल्याउने उद्देश्यले यो जानकारीमुलक सूचनाको रुपमा प्रवाह गरिएको हो ।

एमपक्सका बिरामी अहिलेसम्म १ सय ११ देशमा फेला परिसकेका छन् । यो रोग मानिसदेखि मानिसमा वा जनावरदेखि मानिसमा सर्ने गर्छ । सन् १९८० मा बिफर उन्मूलन भए लगत्तै यो रोग नयाँ रोगको रुपमा देखापरेको थियो ।

यसअघि नेपालमा एक जना विदेशबाट नेपाल आएकी ६० वर्षीया विदेशी महिलामा नेपालमा पहिलो पटक एमपक्स पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानाकारी गराएको थियो । यसपालि भने साउदी अरेबियाबाट फर्किएका तनहुँ जिल्लाका एक ३६ वर्षीय पुरुष खटिराको समस्या लिएर काठमाडौंको ग्रान्डी अस्पतालमा २०८१/९/४ गते उपचारको लागि आएको र सोही दिन अस्पतालले एमपक्ससँग मिल्दोजुल्दो शंकास्पद लक्षण भएकाले शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल प्रेषण गरेको थियो । सोही दिन निजलाई आइसोलेसनमा राखी थप परीक्षणका लागि नमूना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा परीक्षण गर्दा मिति २०८१/९/५ गते एमपक्स पुष्टि भएको थियो ।

यससँगै नेपालमा एमपक्स पुष्टि भएको यो दोस्रो पटक हो भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०८१/९/५ गते प्रेस विज्ञप्ति निकाली सबैलाई सचेत रहन आग्रह गरेको थियो । यदि सतर्कता नअपनाउने हो भने यसले पनि महामारीको रुप लिन सक्ने  हुनाले यस्तो खतरनाक रोगको बारेमा हामी सबै जनमानस सचेत र सजग हुनु आवश्यक देखिन्छ ।

निम्न अंगबाट भाइरस व्यक्तिको शरीरमा प्रवेश गर्नसक्छः

. श्वास नली

. मुख, नाक, आँखा

. शरीरमा काटिएको, टोकिएको वा फुटेको छाला बाँदर, मुसा, लोखर्के लगायतका जनावर र भाइरस रहेको ओछ्यान र लुगाबाट पनि यो भाइरस फैलिन सक्छ ।

**एमपक्स रोगका लक्षण**

- ज्वरो आउनु
- सामान्य तया ज्वरो सुरु भएको १ देखि ३ दिन भित्रमा छालामा दाग देखिनु
- अनुहार हत्केला र पैतलामा डाबर देखा पर्नु
- डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किनु
- टाउको ढाड र मांसपेसी दुख्नु
- शरीरका ग्रन्थीहरु बढ्नु
- लक्षण १४ देखि २८ दिनसम्म रहन सक्छन् र सामान्य तया आफैँ हराउँछन् ।

एमपक्स रोगका सम्भावित जटिलताहरु

बालबालिका र प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिहरुलाई निम्न जटिलता देखिन सक्छन्ः

- आँखामा संक्रमण र दृष्टि गुम्नु ।
- अन्य जीवाणुको संक्रमण ।
- न्युमोनिया ।
- मस्तिष्क ज्वरो ।
- गर्भ खेर जानु र अन्त्यमा मृत्यु समेत हुनसक्छ ।

**एमपक्स रोकथामका उपाय**

- एमपक्सको शङ्का लागेका वा पुष्टि भएको व्यक्तिसँग असुरक्षित सम्पर्कमा नजाने ।
- सङ्क्रमित व्यक्तिलाई घरमा वा अस्पतालमा आइसोलेसनमा राख्ने ।
- सङ्क्रमित व्यक्तिको हेरचाह गर्नेले पीपीई लगाउने ।
- नियमित रुपमा साबुन पानीले मिचिमिची हात धुने ।
- घाउसँग प्रत्यक्ष सम्पर्कमा रहिन्छ भने हातमा पन्जा लगाउने ।
- मरेका र बिरामी जनावरको सम्पर्कमा नजाने ।
- सङ्क्रमित व्यक्तिका लुगा, तौलिया, ओछ्यान र भाँडाहरु तातोपानी र डिटर्जेन्टले धुने गर्नुपर्छ ।
- सङ्क्रमितको सम्पर्कमा आएको सतह र स्थान निसङ्क्रमण गर्ने ।
- मासु तथा पशुजन्य खानेकुरा राम्ररी पकाएर मात्र खाने गर्नुपर्छ ।
- फोहोरको उचित तरिकाले व्यवस्थापन गर्नुपर्छ ।

यसरी यस्तो महामारीको रुप लिन सक्ने घातक डरलाग्दो रोग भएता पनि यसबाट बच्न र रोकथामको लागि हरेक व्यक्ति स्वयं सचेत र आफ्नो व्यवहारमा लागू हुने हरेक कार्यमा सहजता अपनाएमा माथि उल्लेख गरिए जस्तै एम्पक्स रोगबाट सजिलोसँग बच्न वा जोगिन सकिन्छ ।

यदि रोगलाई केही नमानी लापरबाही गरिएमा रोगले आक्रमण गर्नुको साथै ठूलो रुप लिन सक्छ । त्यसैले स्वास्थ्यका हरेक सूचनालाई महत्वपूर्ण सूचना मानेर आफ्नो दैनिकीलाई चलाउनुको साथसाथै रोगबाट जोगिनको लागि सूचनाका मापदण्डहरुलाई पालना गरेमा जस्ता किसिमका महामारी भएता पनि सजिलोसँग बच्न वा जोगिन सकिन्छ ।

सबै आम जनमानसले आफ्नो व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन र स्वास्थ्यमा सबलता ल्याउन यी महत्वपूर्ण सूचनालाई आधार मानेर आफ्नो नियमित कार्यलाई अगाडि बढाउनु हरेक नागरिकको दायित्व पनि हो ।

ज्वरो आएको १ देखि ३ दिन भित्रमा अनुहार हत्केला र पैतलामा दाग वा डाबर देखिएमा पैसा नलाग्ने हटलाइन नम्बर १११५ मा फोन गरेर जानाकारी लिनुहोस् र सुरक्षित रहनुहोस् ।

(पोखे्रल स्वास्थ्य शिक्षा अधिकारी तथा स्वास्थ्यकर्मी हुन् ।)

साई ग्लोबल कपः

# रूपन्देही क्याम्पस र काशी नोबल विजयी







भैरहवा । रुपन्देहीको भैरहवामा जारी साई ग्लोबल कप जिल्लास्तरीय अन्तरकलेज टि-२० क्रिकेट प्रतियोगिताअन्तर्गत शनिबार भएका दुई खेलमा रुपन्देही क्याम्पस र काशी नोबल उच्च मावि विजयी भएका छन् । रुपन्देही क्याम्पसले रुपन्देही लीलाराम न्यौपाने उच्च माविलाई ३ विकेट र काशी नोबलले सेन्टजोसेफ कलेजलाई ६१ रनले पराजित गर्दै जित निकाल्न सफल भएका हुन् ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको लीलारामले मौसमका कारण १७ ओभरमा झारिएको खेलमा १५ ओभर ४ बलमा सबै विकेट गुमाएर १ सय १ रन बनायो । जसमा हरिकेष मुराउ र मर्सो खानले समान १२ र विजय कोहार, अबुहम्जा खान तथा अर्जुन करोसले समान १०-१० रन जोडे । बलिङमा रुपन्देही क्याम्पसका जितेन्द्र शाहनी र सत्यमसिंह क्षेत्रले ३-३ तथा सन्तोष यादव र बाबुलाल केवटले १-१ विकेट हात पारे ।

रुपन्देही क्याम्पसले १६ ओभरमा ७ विकेट गुमाउँदै १ सय ४ रन बनाउँदै जित किल्यो । उसको जितमा इमरान खानले ३६, जितेन्द्र शाहनीले १९ र सन्तोष यादवले १७ रनको योगदान गरे । बलिङमा लीलारामका फैजन खानले ३, गुल्शनकुमार कुर्मीले २ तथा हरिकेष मुराउ र रमेश कुर्मीले १-१ विकेट लिए । खेलमा सत्यमसिंह क्षेत्री प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ पाए ।

दोस्रो खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको काशी नोबलले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ८ रन बनायो । उसका लागि आदित्य शर्माले ३५, सेजाद आलमले २२, अविश अधिकारीले १७ र सुमन पाण्डेले ११ रन बनाए । बलिङमा सेन्टजोसेफका ईश्वर कुमारले २ तथा ओस्म खान, प्रतीक सावत र सन्दीप मौर्यले १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको सेन्टजोसेफ ११ ओभर ४ बलमा ४७ रन बनाउँदा अलआउट भयो । उसलाई सस्तैमा रोक्न काशी नोबलका सुप्रित घिमिरेले ३ तथा सेजाद आलम, आदित्य शर्मा र सुमन पाण्डेले समान २-२ विकेट लिए । सन्दीप मौर्य र ओस्म खानले समान १० रन बनाए पनि सेन्टजोसेफका अन्य खेलाडीले दोहोरो अंकमा रान बटुल्न सकेनन् र टिमले हार ब्याहोर्यो । खेलमा आदित्य शर्मा प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र साई ग्लोबल कलेजको मुख्य प्रायोजनामा प्रतियोगिता भइरहेको हो । प्रतियोगिताको विजेता टिमले ५५ हजार, उपविजेताले २५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई १ हजारसहित प्रमाणपत्र, प्लेयर अफ द सिरिजलाई १० हजारसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै, बेस्ट बलर र बेस्ट बलरलाई जनही ५ हजारसहित ट्रफी र प्रमाणपत्र तथा अनुशासित टीमलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए ।

**देशको...**

माओवादी केन्द्रले पनि ध्रुवीकरणको कुरा गरिरहेको भन्दै उनले तीनपटक सरकारको नेतृत्व र पटक-पटक सत्तामा पुगेको माओवादी केन्द्रले अब जनतालाई के दिनसक्छ भन्ने जिज्ञासा रहेको बताए ।

'माओवादी केन्द्रले पनि ध्रुवीकरणको कुरा गरिरहेकै छ । माओवादी केन्द्रले तीनपटक प्रधानमन्त्री पाइसक्यो अथवा थुप्रै खालका अवसरहरु पाएको छ र गणतन्त्रपछि लगातार १५ वर्ष माओवादी सत्तामा छ । तर माओवादीले के दिन्छ, त्यहाँ पनि जनताका जिज्ञासाहरु छन् ।'- उनले भने ।

अहिले आफूहरुले सुरु गरेको ध्रुवीकरण भ्रष्टाचारका लागि नभएको उनले बताए ।

**रविलाई...**

राजनीतिक घटनाक्रमअन्तर्गत रहेर पार्टीलाई विषम परिस्थितिमा अफ्ठ्यारो अवस्था सिर्जना भइरहेको पनि रास्वपाले निष्कर्ष निकालेका छन् ।

'पार्टी सभापतिमाथिको आक्रमण, राजनीतिक प्रतिशोध साँधिएको छ । पार्टीलाई कमजोर बनाउन लागि परेका छन् । जनताले यी राजनीतिक दललाई जिस्काइरहेका छन् ।'- उनले भने ।

**संघ...**

अनि नागरिकसम्म पुगेर छलफल चलाउँछौं ।'

माथिल्ला सरकारले साना आकारको बजेट छुट्याएर त्यसको भारी प्रदेश र स्थानीय सरकारलाई बोकाइएको थापाले बताए ।

उनले लोकप्रिय पार्टीले पाँचै वर्ष सरकार चलाउने गरी संविधान संशोधन गर्न लागिएको बताएका छन् । भारत, युरोपका कतिपय देशमा १५ वर्ष, २० वर्ष गठबन्धन सरकार चल्छ, नचल्ने होइन । तर हाम्रोमा गठबन्धन फिट भएन । जुन पार्टीले लोकप्रिय मत प्राप्त गर्छ त्यसले ५ वर्ष सरकार चलाउन पाउनुपर्ने उनले बताए ।

उनले कांग्रेसले जितेका पालिकाहरुलाई आगामी निर्वाचनमा संकल्प र घोषणपत्र नभई उपलब्धि पत्र लिएर जाने अवस्था बनाउन निर्देशन दिए ।


## Shitaganga Municipality

**Office of Municipal Executive**

**Thada, Arghakhanchi**

# Invitation for Bid

Date of publication: 2081-09-21 (5th Jan ,2025)

Shitaganga Municipality, Office of the Municipal Executive, Thada,Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.For detail information contact in office.

***Information to deposit the cost in the Bank:,***

Name of the Bank: RastiyaBanijyaBank, Thada, Arghakhanchi

Name of Office: Shitaganga Municipality, Thada, Arghakhanchi

Rajaswa (Internal revenue) Account no. : 3380100301010003(For Bid Document)

DharautiKhata no.:3380100303010003 (For Bid Security)

| Tender No. | Name of Project | Bid Price (Non Refundable) | Bid Security Amount In NRs | Bid security valid period | Last date of Bid submission | Bid Open | Estimated Amount (including VAT&P.S) |
|---|---|---|---|---|---|---|---|
| 22-SM/W17/ SQ/2081/082 | HarreGabade Batule Road | NRs. 1000.00 | 25,000.00 | 75 Days | 5th Feb 2025 12:00 noon | 5th Feb 2025 13:00 noon | NRs. 9,69,467.23 |
| 23-SM/W18/ SQ/2081/082 | LibdiChidiyara Irrigation Project | | 25,000.00 | | | | NRs. 9,69,979.22 |
| 24-SM/W19/ SQ/2081/082 | Saibare Kudule DohoteSichai | | 25,000.00 | | | | NRs. 9,69,172.76 |
| 25-SM/W20/ SQ/2081/082 | Simalpani Sana Kissan KrishiTathaPashuBikas MahilaSahari Sansthan Ltd.BhawanNirman | | 25,000.00 | | | | NRs. 9,69,383.05 |
| 26-SM/W21/ SQ/2081/082 | DhabatariBhulka Recharge Pokhari | | 25,000.00 | | | | NRs. 9,69,204.44 |
| 27-SM/W22/ SQ/2081/082 | Lahape Dhal Nirman | | 25,000.00 | | | | NRs. 9,69,621.19 |
| 28-SM/W23/ SQ/2081/082 | Sana SichaiPurwadhar Nirman-Talla DhabaSichai Kulo Nirman | | 50,000.00 | | | | NRs. 19,48,718.40 |
| 29-SM/W24/ SQ/2081/082 | DharaSubarna khalNipane Mulabari Road | | 25,000.00 | | | | NRs. 9,69,282.01 |
| 30-SM/W25/ SQ/2081/082 | Shitaganga UdyogBanijya Sang BhawanNirman | | 40,000.00 | | | | NRs. 17,54,706.92 |
| 31-SM/W26/ NCB/2081/082 | Deurali ChisapaniKalleri Road Upgrading (PatanjaliMarg) | NRs. 3000.00 | 1,50,000.00 | 120 Days | | | NRs. 58,49,184.24 |
| 32-SM/W27/ NCB/2081/082 | Halen Dhunga DekhiKatase KholaHudaiDhaba Road Upgrading | | 1,50,000.00 | | | | NRs. 58,98,091.59 |
| 33-SM/W28/ NCB/2081/082 | TalloChuretolSadak Blacktop | | 60,000.00 | | | | NRs. 24,24,888.11 |
| 34-SM/W29/ NCB/2081/082 | SatmaraLahape Siling Khola Chidichaur Road Upgrading | | 2,20,000.00 | | | | NRs. 87,27,044.09 |

Chief Administrative Officer

# कावासोती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व

गण्डकी प्रदेश,नेपाल

२०७३

# बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

प्रकाशित मिति २०८१/०९/२१

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 17/KM/NCB /2081/82 | Road Upgrading at two Location kawasoti Municipality 11 ra 12 | पृथ्वी इन्फ्रास्टक्चर प्रा.ली वानेश्वर -१० | ७२,०५,७९१.९२ | |

प्रमुख प्रशासकीय अधिकृत

**Government of Lumbini Province**

**Ministry of Energy,Water Resources & Irrigation**

## Water Resources and Irrigation Development Division Office

**Arghakhanchi**

# Invitation for Online Sealed Quotation

Date of 2nd Publication: 2081/09/21 (05/01/2025)

1.Water Resources and Irrigation Development Division Office, Arghakhanchi invites electronic bids from eligible bidders.

| S. N. | Contract No. | Description of works | Estimated Amount including VAT | Bid Security Amount (NRs.) | Fee for Bid document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WIDDARG/ SQ-15/ 081-82 | Construction of Canal & Canal Structure Works at Shitganga-3 &4 ,Arghakhanchi | 1919390.00 | 48000.00 | 1000.00 | 20/01/ 2025 12:00 hrs | 20/01/2025 13:00 hrs |
| 2 | WIDDARG/ SQ-18/ 081-82 | Construction of Canal & Canal Structure Works at Bhumikasthan -9,Arghakhanchi | 1439162.77 | 40,000.00 | 1000.00 | 20/01/ 2025 12:00 hrs | 20/01/2025 13:00 hrs |
| 3 | WIDDARG/ SQ-19/ 081-82 | Construction of RRM Wall & Maintenance Works at Bhumikasthan-10, Arghakhanchi | 959621.12 | 25,000.00 | 1000.00 | 20/01/ 2025 12:00 hrs | 20/01/2025 13:00 hrs |
| 4 | WIDDARG/ SQ-21/ 081-82 | Construction of Canal & Canal Structure Works at Bhumikasthan-1 & 5,Arghakhanchi | 1917732.34 | 50,000.00 | 1000.00 | 20/01/ 2025 12:00 hrs | 20/01/2025 13:00 hrs |

2.Further Detail regarding the Notice of Invitation for Bids, interested bidders is requested to visit the office of WRIDDO,Arghakhanchi or the e-gp portal www.bolpatra.gov.np/egp.

Division Chief

# ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर

समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

## विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

## सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।

लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

## तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

मदन भण्डारी गोल्डकप भलिबल :

# नेपाल पुलिस, त्रिभुवन आर्मी र गुजराँत स्टेट विजयी




बुटवल । बुटवलमा जारी मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ शिल्ड पुरुष भलिबल च्याम्पियनसीपअन्तर्गत शनिबार भएका खेलमा विभागिय टिम नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र भारतको गुजराँत स्टेट विजयी भएका छन् ।

बुटवल-१० स्थित रामनगर खेल मैदानमा भएको पहिलो खेलमा पुलिसले मणिमुकुन्द भलिबल क्लब रुपन्देहीलाई ३-१ को सेटमा पराजित गरेको हो । प्रतिस्पर्धात्मक खेलको पहिलो सेट पुलिसले २५-१५ अंकले जित्दा दोस्रो सेट भने मणिमुकुन्दले २५-२० ले जित्दै बराबरी खेलेको थियो । तर तेस्रो र चौथो सेट पुलिसले क्रमशः २५-२० र २५-१८ अंकका साथ जितेको थियो ।

यसैगरी शनिबार नै भएको अर्को खेलमा भारतको गुजराँत स्टेटले विभागीय टिम एपिएफलाई ३-१ का साथ पराजित गरेको छ । एपीएफले पहिलो सेट २५-२१ अंकले जिते पनि त्यसपछि गुजराँत खेलमा हाबी भयो । गुजराँतले लगातार २५-१८, २५-१५ र २५-१८ अंकले जित हासिल गरी विभागीय टिम एपिएफलाई स्तब्ध बनायो ।

शनिबार नै भएको तेस्रो खेलमा विभागीय टिम त्रिभुवन आर्मीले गल्कोट भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । आर्मीले पहिलो सेट २५-२१, दोस्रो सेट २५-२३ र तेस्रो सेट २५-१९ ले जित्दा ४ जना इरानी खेलाडी मैदानमा उतारेको गल्कोट स्तब्ध बन्यो ।

पुस २४ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालका ७ र भारतको एक गरी ८ टिमको सहभागिता रहेको छ । जसमा समूह 'ए' मा नेपाल पुलिस प्रहरी, मणिमुकुन्द भलिबल क्लब, रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्र र मदन भण्डारी एकेडेमी रहेका छन् भने समूह 'बि' मा नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, गल्कोट भलिबल क्लब र गुजराँत स्टेट भलिबल एशोसियसन भारत रहेका छन् ।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको १६औं स्थापना दिवसको अवसरमा एकेडेमीले काठमाडौं बाहिर सर्वाधिक ७ लाख रुपैयाँ प्रथम पुरस्कारसहितको प्रतियोगिता सञ्चालन गरेको हो । प्रतियोगिताको उपविजेताले ३ लाख ५० हजार, तेस्रोले एक लाख ७५ हजार, सान्त्वना हुने टिमले एक लाख, उत्कृष्ट खेलाडीले २५ हजार तथा विधागततर्फ उत्कृष्ट खेलाडीले प्रति खेलाडी १० हजार रुपैयाँका दरले पुरस्कार प्राप्त गर्ने एकेडेमीका सचिव कृष्ण तिमिल्सिनाले बताए । आज आइतबार आयोजक मदन भण्डारीसँग मणिमुकुन्द क्लब र भारतको गुजराँत स्टेट क्लबसँग गल्कोट क्लबबिच प्रतिस्पर्धा हुनेछ ।

# शाइन रेसुंगाले ५ प्रतिशत नगद लाभांश बाँड्ने




बुटवल । शाइन रेसुंगा डेभलपमेन्ट बैंक लि.ले चुक्ता पुँजीको ५ प्रतिशत नगद लाभांश (कर प्रयोजन सहित) र ३ प्रतिशत बोनस शेयर वितरण गर्ने भएको छ । रुपन्देहीको मणिग्राममा सम्पन्न बैंकको १६औं वार्षिक साधारणसभाले यस्तो प्रस्ताव पारित गरेको हो ।

८ अर्ब अधिकृत पुँजी तथा जारी र चक्ता पुँजी समान ४ अर्ब ७३ करोड ३६ लाख रहेकोमा बोनश शेयर वितरणपश्चात् चुक्ता पुँजी ४ अर्ब ८७ करोड पुग्ने छ ।

बुटवलमा केन्द्रीय कार्यालय भएको शाइन रेसुंगा लुम्बिनी प्रदेशको एक मात्र राष्ट्रियस्तरको विकास बैंक हो ।

बैंकका ८८ वटा शाखा कार्यालय, एक एक्सटेन्सन काउन्टर, १६ वटा एटीएम मेशिन सञ्चालनमा छन् । ७ लाख ५ हजार ५८ जना बचतकर्ता रहेको बैंकले १७ हजार १३५ जनालाई विभिन्न प्रकृतिका कर्जा प्रवाह गरेको छ ।

बैंकमा ७३८ जना कर्मचारी कार्यरत छन् । बैंकको पछिल्लो वित्तीय विवरणअनुसार कूल निक्षेप ६७ अर्ब १७ करोड,९५ लाख,कर्जा तथा सापट ५५ अर्ब ९२ करोड १० लाख र प्रति शेयर आम्दानी १४.४८ रहेको छ । बैंकको पुँजीकोष अनुपात १२.५६ प्रतिशत छ ।

बैंकले गत वर्ष इमर्जिङ एशिया बैंकिङ अवार्डअन्तर्गत नेपालबाट बेस्ट बैंकसहित तीनवटा उपाधि र नेपालमा दुई पटक बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंकको अवार्ड जितेको छ । साधारणसभापछि बसेको सञ्चालक समितिको बैठकले बैंकको अध्यक्षमा पुनः थानेश्वर पौडेललाई निर्वाचित गरेको थियो । कम्पनी सचिव एवं प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले उद्यमशिलता र रोजगारी प्रवर्द्धन, देशमै केही गर्नुपर्छ, युवा जनशक्तिलाई विदेश पलायन गराएर मुलुक बन्दैन भन्ने तथ्य मनन् गर्दै बैंकले उत्पादनमूलक, उद्योग-व्यवसाय र कृषिमा कर्जा प्रवाहलाई प्राथमिकता दिएको बताए । उनले डिजिटल बैंकिङलाई थप प्राथमिकता दिएर अगाडि बढ्ने बताए ।

# ज्येष्ठ नागरिक मिलनकेन्द्र सञ्चालनमा आर्थिक संकट



बुटवल । रुपन्देहीको तिलोत्तमा ४ मा सञ्चालित ज्येष्ठ नागरिक मिलन केन्द्रको चौथो वार्षिक साधारणसभामा मानवीय सेवा सञ्चालन गर्दै आएको संस्थाका लागि ज्येष्ठ नागरिकलाई ओसार पसार गर्नका लागि सवारी साधनको अभाव रहेको आयोजकहरुले गुनासो गरेका थिए । विसं २०८० साल कार्तिक १३ गतेदेखि संस्थाले सञ्चालन गरेको ज्येष्ठ नागरिकका लागि दिवा सेवा कार्यक्रम निकै प्रभावकारी रहेको बताइएको छ ।

मिलनकेन्द्र दैनिक सञ्चालनका लागि आर्थिक अभाव, कार्यालयसम्म पुग्नका लागि सडकको राम्रो व्यवस्था नहुनु, गाडी पार्किङ्को अभाव रहेको आयोजकले बताएका थिए ।

३० जनाबाट सुरु गरिएको दिवासेवा हाल ८० जना पुगेको बताउँदै अध्यक्ष यदुनाथ पाण्डेले ज्येष्ठ नागरिकको आकर्षण बढ्दै गएको र उनीहरुलाई ल्याउने लैजाने सुविधा उपलब्ध गराउन मारुती भ्यानबाट सेवा प्रदान गरिरहेता पनि सो सवारी साधन सानो भएकाले ठूलो बसको आवश्यकता रहेको बताए । ज्येष्ठ नागरिकहरुलाई हरेक दिन बिहान ११ बजे ल्याउने र ४ बजेसम्म विभिन्न सातवटा सत्रमा विभाजन गरी सेवा प्रदान गर्दै आएको पनि उनले जनाए । संस्थालाई राम्रोसँग सञ्चालन गर्नका लागि ५ करोडको अक्षय कोष जरुरी रहेकोमा हाल संस्थामा केवल १७ लाख रुपैयाँ मात्र रहेको छ ।

कार्यक्रममा प्रमुख अतिथि रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले राज्यले गर्नुपर्ने काम ज्येष्ठ नागरिक मिलन केन्द्रले गरेकोमा सराहना व्यक्त गर्दै यसरी मानवीय सेवामा लागेका संस्थाहरुलाई हरेक क्षेत्रबाट सहयोग गर्न सुझाव दिए ।

कार्यक्रममा गुल्मेली सर्म्पक समाजका अध्यक्ष डा. नारायण पन्थ, श्रृगेश्वर धामका अध्यक्ष ऋषिराम भण्डारी, तिलोत्तमा ४ का वडा अध्यक्ष हरिबहादुर क्षेत्री, संस्थाका सल्लाहकार टीकाराम घिमिरे, आजीवन सदस्य हरि प्रसाद पौडेल, ज्येष्ठ नागरिक भोजराज खनाल, नर्मदा अर्याल, आर्टभ लिभिङकी भारती जोशी ,ओशो प्रशिक्षक महानामी, छोरी शिक्षाकी हिरा भुसाललगायतले ज्येष्ठ नागरिक मिलन केन्द्रले सञ्चालन गरेका कार्यक्रम नेपालमै नमूना योग्य भएकाले यस संस्थाको कार्यक्रमलाई सहयोग गर्न सुझाव दिएका थिए ।

संस्थाकी उपाध्यक्ष ओमी पुनको स्वागत महासचिव दया भण्डारीको सञ्चालनमा भएको कार्यक्रममा कोषाध्यक्ष मधुसुदन पाण्डेले प्रस्तुत गरेको आयव्ययको वार्षिक प्रतिवेदन पारित भएको थियो ।

# धौलागिरी सहकारीको २५औँ साधारणसभा




बुटवल । लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धर्नेन्द्र कार्कीले सहकारीमा भएको छाडातन्त्र नियन्त्रण हुनुपर्ने बताएका छन् । प्रदेशले निकट भविश्यमा नै सहकारी नियमन गर्ने गरी कार्यविधि ल्याउने तयारी गरिएको बताए । उनले प्रदेश मातहतमा रहेका सहकारी र स्थानीय तहमा रहेका समेत सहकारी नियमन गर्ने गरी कार्यविधि ल्याएर त्यसको नियमन, निरीक्षण तथा सुपभिजनको काम गर्ने तयारी गरिएको बताए ।

बुटवल उपमहानरपालिका वडानम्बर ८ मा रहेको धौलागिरी बहुउद्देश्य सहकारी संस्था लिमिटेडको २५औँ वार्षिक साधारणसभामा बोल्दै मन्त्री कार्कीले सहकारी क्षेत्रमा भैगरेका गल्तीको गल्तीलाई गल्ती हो भन्न सक्ने गरी काम हुन जरुरी रहेको बताएका थिए । सहकारीहरुको उद्देश्य अन्य बैंक तथा वित्तीय संस्थाहरुको जस्तो नभएको भन्दै मन्त्री कार्कीले सत्यलाई सबैले साथ दिएर र गलतलाई सबैले कारबाही गरेर अगाडि बढ्नुको विकल्प नभएको जनाए ।

उनले भने-'केही सहकारीहरुको कारण सिंगो सहकारी अभियान नै धरासायी हुने अवस्था आएको छ, सहकारी क्षेत्रका विकृति निमिट्यान्न पार्नको लागि गलत गर्नेलाई कारबाहीको दायरामा ल्याएर छाडीने छ ।'

कार्यक्रममा तिलोत्तमा नरपालिका प्रमुख तथा सहकारीका संस्थापक अध्यक्ष रामकृष्ण खाँणले सहकारीको मूल्य मान्यताभन्दा बाहिर गएर कुनै पनि काम कारबाही गर्न नहुनेमा जोड दिएका थिए । नेपाली कांग्रेसका महासमिति सदस्य तथा सहकारीका सल्लाहकार युवराज गिरीले सरकारले नयाँ अध्यादेशमार्फत् ल्याएको नियम एक सहकारीमा बढीमा दुई कार्याकालभन्दा बढी बस्न नपाउने गरी ल्याएको नियम सही निर्णय भएको तर्क पेश गरेका थिए । सहकारीमा निश्चत मात्रै रकम राख्न पाउने गरी नयाँ ल्याइएको अध्यायदेशले सहकारीको थप नियमन हुने उनको भनाइ थियो ।

कार्यक्रममा बुटवल उप-महानरपालिका वडा नम्बर ८ का अध्यक्ष यज्ञ पंगेनीले सहकारीको नीति नियमभन्दा बाहिर जाँदा अहिलेको समस्या आएको बताएका थिए । सल्लाहकार टंकप्रसाद पराजुली, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, ईन्द्रेणी सहकारीका उपाध्यक्ष माया गौतम, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखरेल, रुपन्देहीका कार्यवाहक अध्यक्ष विश्वास ढकाल, रुपन्देही बचत तथा ऋण सहकारी संघका अध्यक्ष बसन्त ढकाललगायतयले आ-आफ्नो भनाइ राखेका थिए ।

साधारणसभामा सहकारीका अध्यक्ष गोविन्दप्रसाद खनालले २०८१ असार मसान्तसम्ममा कुल आम्दानी एक करोड अठासी लाख तेत्तिस हजार दुई सय अठ्तिस रुपैयाँ सतहत्तर पैसा, कुल खर्च एक करोड साठी लाख चौबीस हजार एक सय उनपचास रुपैयाँ उनासी पैसा गरी कुल मुनाफा अठ्ठाइस लाख नौ हजार अठासी रुपैयाँ अन्ठानब्बे रहेको जानकारी दिए ।

उनले आय कर व्यवस्थापछिको खुद मुनाफा तेइस लाख सतासी हजार सात सय पच्चिस रुपैयाँ त्रिसठ्ठी पैसा रहेको जानकारी गराएका थिए । संस्थाको सैनामैना सेवा केन्द्रमा ६५० जना, मुख्य केन्द्र बुटवलमा ८१९ जना शेयर सदस्य गरी जम्मा १४६९ जना शेयर सदस्य रहेका छन्, जसमध्ये महिला ८३० जना, पुरुष ६३९ जना रहेका छन् ।

कार्यक्रम सहकारीका सचिव ठाकुर घिमिरेले सञ्चालन गरेका थिए भने उपाध्यक्ष देवप्रसाद खनालले स्वागत गरेका थिए । साधारणसभाले कोषाध्यक्ष शान्ति सिंह मल्लले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन, लेखा समिति र ऋण समितिको प्रतिवेदन पारित गरेको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com